स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'फर्की फर्की'को 'अनाउन्समेन्ट' टिजर सार्वजनिक गरिएको छ । अभिनेता अनमोल केसीलाई प्रस्तुत गर्दै सार्वजनिक गरिएको टिजरमा अनमोलकै 'भ्वाइस ओभर' रहेको छ । रोहित अधिकारी र ओम अग्रवालले निर्माण गर्न लागेको फिल्मको निर्देशन सुयोग गुरुङले गर्दै छन् । साथै, फिल्मको लेखन पनि निर्देशक स्वयमकै रहेको छ । अनमोलको अपोजिट्मा नायिका जसिता गुरुङ छिन् । फिल्मको सह-निर्माताको रुपमा मनोज वली र राम न्यौपाने छन् ।

आजको विचार...



अनाक्रामक... (दुई पेजमा)

खगेन्द्रराज सिटौला

डेब्यू फिल्म 'नाईं नभन्नू ल ४'देखि नै अभिनेता पल शाहले अभिनयको आलोचना खेप्दै आएका छन् । उनी लुक्सको भरमा चलेको आरोप लाग्ने गर्छ । जेल जीवनपछि भने उनी अभिनयलाई लिएर गम्भीर देखिएका छन् । यसैले हुनसक्छ, उनले जीवनमै पहिलो पटक अभिनय सिकेका छन् । रंगकर्मी तथा निर्देशक अनुप बरालबाट उनले करिब चार हप्तासम्म 'मेथड एक्टिङ' सिकेका हुन् । पलले तीन दिन अगाडि फेसबुकमा अनुप बरालसँग पोखरामा अभिनय सिकिरहेको एउटा तस्वीर राखेका छन् ।



❒ वर्ष २९ ❒ अंक ५६ ❒ २०८० भदौ २५ गते सोमबार 11 September 2023, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### करेन्ट लागेर एकको मृत्यु



**कृष्णनगर (कपिलवस्तु),** भदौ २४/ कपिलवस्तुको शिवराज नगरपालिका-१ बनकसबासामा घाँस काट्ने क्रममा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । बनकसबासा बस्ने अन्दाजी वर्ष ५० का धनबहादुर थापाको करेन्ट लागेर मृत्यु भएको नेपाल विद्युत् प्राधिकरण चन्द्रौटाका शाखाका इन्चार्ज दिनबन्धु आचार्यले जानकारी दिए ।

विद्युत् पोल नजिकै रहेको रुखमा चढेर घाँस काट्दा तारमा विद्युत् प्रवाह भई थापाको मृत्यु भएको हुनसक्ने उनको भनाइ थियो । मृतक थापाको शव परीक्षणको लागि जिल्ला अस्पताल तौलिहवा लगिएको छ । गाउँको प्रतीक्षालय बस्ने अरुको काम गरिदिनेबापत स्थानीयवासीले खाना दिने गरेका स्थानीयले बताएका छन् । मृत्यु भएका थापाको आफ्नो परिवार कोही नभएकाले नजिकैका आफन्तलाई सम्पर्कमा ल्याई शव बुझाइने जिल्ला प्रहरी कार्यालय तौलिहवाले जनाएको छ ।-**रासस**

# बीपीको सम्झना

**बीपी नेपाली प्रजातान्त्रिक आन्दोलन र नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याउन सफल एकमात्र खम्बा थिए । उनको क्रान्तिदृष्टा, सिद्धान्तनिष्ठ र अटल राष्ट्रवादका कारण अहिले पनि जुनसुकै दल र विचारधाराका व्यक्तिहरु प्रभावित हुने गरेका छन् ।**

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ २४/ नेपालको राजनीतिक इतिहासका एक चर्चित पात्र बीपी कोइरालालाई वर्षमा तीन पटक विशेष स्मरण गर्ने गरिन्छ । खासगरी बीपीले स्थापना गरेको दल नेपाली काँग्रेसले बीपीको जन्मजयन्ती, स्मृति दिवस र मेलमिलाप दिवसलाई औपचारिक तवरमा मनाउँदै आएको छ । बीपीकै नाम, सिद्धान्त, कर्म र आकर्षणले अनुप्राणित रहँदै आएको काँग्रेसले आइतबार पाल्पा, गुल्मीसहित देशैभर बीपीको सम्झनामा विभिन्न कार्यक्रम गरी ११० औं जन्मजयन्ती मनाएको छ । काँग्रेसले संस्थापक नेता कोइरालाको योगदानको बारेमा चर्चा गर्दै उनको सम्झना गरेको हो ।

काँग्रेसले पार्टी मुख्यालयमा तीनदिने 'बीपी साहित्य महोत्सव' सञ्चालन गरेको छ भने जिल्लाहरुमा छुट्टाछुट्टै कार्यक्रम गरी बीपीको सम्झना गरेको छ । बीपीका साहित्य, राजनीति, दर्शन, कूटनीति, अर्थ राजनीति, विदेशनीतिका विषयमा चर्चा परिचर्चा भएका छन् । नेपाली काँग्रेस पाल्पाले





पार्टी कार्यालयमा विचार गोष्ठीको आयोजना गरी बीपीको सम्झना गरेको हो । काँग्रेसले यस पटक कार्यक्रमलाई फरक ढंगले औपचारिकता दिर्दै बीपीको राजनीतिक, साहित्यिक योगदानका बारेमा चर्चा गरेको छ । हरेक औपचारिक कार्यक्रमहरुमा प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिका लागि छुट्टै मञ्चको व्यवस्था गरी आशन ग्रहण गराउने र भाषण गर्न लगाउने परम्परालाई पाल्पा काँग्रेसले तोड्दै सबैलाई स्रोताको रुपमा राखी बीपीको बारेमा जानकारी गराएको हो । कार्यक्रममा त्रिभुवन बहुमुखी क्याम्पसका उपप्राध्यापक महेन्द्र पन्थीले बीपीको राजनीतिक जीवन र योगदानका बारेमा र अर्को उपप्राध्यापक शारदा खनालले बीपीको साहित्यिक पाटोका विषयमा चर्चा गरेका थिए । उपप्राध्यापक पन्थीले नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी नेपाली प्रजातान्त्रिक आन्दोलन र नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याउन सफल एकमात्र खम्बा भएको बताए । उनको क्रान्तिदृष्टा, सिद्धान्तनिष्ठ र अटल राष्ट्रवादका कारण अहिले पनि जुनसुकै दल र विचारधाराका व्यक्तिहरु प्रभावित हुने गरेको उनले बताए । उत्पीडन, कठोर यातना र अत्यन्त कठिन अवस्थामा पनि राष्ट्रियता र प्रजातन्त्रप्रतिको आधारभूत निष्ठालाई नत्याग्ने बीपीले जीवनभर देश र जनताकै लागि संघर्ष गरेको पन्थीले बताए । २००७ सालको क्रान्तिका योद्धा बीपीले तत्कालीन राजा महेन्द्रसँगको लडाइँमा गरिने आन्दोलनमा शान्तिपूर्ण क्रान्तिको बाटो रोजेर 'अहिंशा परमो धर्म' लाई आत्मसात् गरेको र कतिपय अवस्थामा बीपीका विचार महात्मा गान्धीसँग मिल्ने गरेको उनले बताए । 'क्रान्तिमा हिंसाको बाटो सजिलो भए पनि हामीले यो बाटो सजिलो हुन्छ भनेर रोज्नु हुन्न' भनेर बीपी नेपाली काँग्रेसका कार्यकर्तालाई सम्झाउँथे' उपप्राध्यापक पन्थीले भने '२००३ सालमा नेपाली राष्ट्रिय काँग्रेस स्थापना गरेका बीपी नेपालका मात्र होइन भारतीय स्वतन्त्रता आन्दोलनमासमेत संलग्न भएका थिए । राणाशासनको अन्त्य गरी मुलुकमा प्रजातन्त्र स्थापना गर्ने २००७ सालको क्रान्तिको नेतृत्व गरेका बीपी २०१५ सालमा भएको पहिलो आमनिर्वाचनपछि जननिर्वाचित पहिलो प्रधानमन्त्री बन्न सफल भए ।' बीपी सधै ग्रामीण अर्थतन्त्रमुखी विकासका चिन्तक भएकैले प्रधानमन्त्रीको नेतृत्व सम्हालेका बेलामा उनले अंगीकार गरेको आर्थिक सुधार र परिवर्तनको बाटो लोकप्रिय भएको नपचेपछि महेन्द्रले सैनिक सहयोगमा बीपीलाई अपदस्थ गरेको उनले बताए । उनले भने 'पञ्चायती व्यवस्थाविरुद्ध निरन्तर संघर्ष गरेका बीपी लामो समय भारतमा निर्वासित जीवन जिउन बाध्य भएको र २०३३ साल पुस १६ गते राष्ट्रिय मेलमिलापको नीति अख्तियार गरी आठ वर्षे निर्वासित जीवन बिताएर भारतबाट स्वदेश फर्किए, सोही सम्झनामा हरेक वर्ष राष्ट्रिय मेलमिलाप दिवस मनाउने गरिन्छ ।' उपप्राध्यापक शारदा खनालले बीपीको राजनीतिक र साहित्यिक पाटो अलग नरहेको बताईन् । उनले भनिन् 'कोइरालाले आफ्नो जीवनका महासंकटहरुमा पनि साहित्यलाई बिर्सेनन् । जेलदेखि प्रवाससम्म, भोकदेखि अभावसम्म उनीभित्र राजनीतिक विचारमात्रै होइन, आख्यानका अजस्र धाराहरु बगिरहन्थे ।' बीपीका जेल जीवन, दोषी चस्मा, यहुदी र हिटलर, सुम्निमा, मोदीआइन, स्वेत भैरवी, तीन घुम्ती, नरेन्द्र दाइ, आत्मकथालगायतका थुप्रै बहुचर्चित कृति प्रकाशित रहेको उप्राध्यापक खनालले बताईन् । कार्यक्रममा नेपाली काँग्रेसका नेता, पार्टीका भातृ संघ तथा शुभेच्छुक संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागीता रहेको थियो । जिल्ला सभापति हिमालदत्त श्रेष्ठको अध्यक्षता, सचिव सन्तोष थापा मगरको सञ्चालनमा कार्यक्रम भएको थियो । उता गुल्मी काँग्रेसले पनि स्थानीय, प्रदेश, क्षेत्र र जिल्लामा छुट्टाछुट्टै कार्यक्रम गरेर बीपीलाई सम्झिएको छ । जिल्ला कार्यसमितिले काँग्रेस रेसुङ्गा नगर समितिको समन्वयमा जिल्ला अस्पताल गुल्मीमा भर्ना भएका बिरामीहरु र उपल्लो तम्घास माध्यमिक विद्यालयमा अध्ययनरत फरक क्षमता भएका विद्यार्थीहरुलाई फलफुल वितरण गरेको पार्टी सचिव जगदीश भट्टराईले बताए । उनका अनुसार नेपाली काँग्रेस पालिका, प्रदेश र क्षेत्रीय समितिहरुले महामानव बीपी कोइरालाका विषयमा परिसंवाद, सार्वजनिक स्थलहरुको सरसफाई, विद्यालय, स्वास्थ्य संस्था, वृद्धाश्रम, धार्मिक संस्थामा सहयोग र फलफुल वितरण गर्ने, विरुवाहरुको गोडमेल, मलजल गरेका छन् ।

## पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समय-समयमा सफा गरौं ।

नेपाल सरकार


**विज्ञापन बोर्ड**

# गौं हत्याको विरोधमा सद्भाव ऱ्याली

**कृष्ण पोखरेल**

**पाल्पा,** भदौ २४/धरानमा भएको गौं वंश हत्याको विरोधमा हिन्दुवादी संघ संस्थाको आयोजनामा आइतबार तानसेनमा शान्तिपूर्ण सद्भाव ऱ्याली निकालिएको छ । विश्व हिन्दु महासंघ पाल्पा र ॐ कार परिवारले गौं हत्याको विरोधमा तानसेनमा सद्भाव ऱ्याली निकालेको हो ।

गाई काट्नु र संविधान जलाउनु एउटै भएको भन्दै सामाजिक सद्भाव कायम राख्नका निम्ति धार्मिक ऱ्याली निकालिएको कार्यक्रममा सहभागीहरुले बताएका छन् । संविधानमै गाईलाई राष्ट्रिय जनावरको मान्यता दिएको अवस्थामा खुलेआम गौं हत्या गर्नेलाई कानुनी दायरामा ल्याउनु पर्ने ऱ्यालीमा सहभागीले माग गरेका छन् । ९० प्रतिशत हिन्दुहरु भएको राज्यमा कित हिन्दुहरुको माग सम्बोधन हुनुपऱ्यो कित



संविधान अनुसार राज्यका अंगहरु सञ्चालन हुनुपर्ने कोणसभामा सहभागी धार्मिक अभियन्ता अविशेक जोशीले बताए । हामी हिन्दुहरु संयम भएर आफ्ना गतिविधी गर्दै आएका विदेशीहरुको डलर खाएर देशमा जातिय द्धन्द्ध फैलाएर देशलाई युक्रेन बनाउन खोज्नेहरुले धार्मिक युद्ध गराउन खोजेको धार्मिक अभियन्ता जोशीको आरोप थियो । कोणसभामा धार्मिक व्यक्ति बाबा योगीराजले गाइको गोवर मुत्रबाट मानिसको क्यान्सरसम्मका रोगीहरु निको हुँदै आएको र आफ्नो आश्रमबाट कयौ क्यान्सर रोगहरु लागेका व्यक्तिहरुलाई समेत निको बनाइएकाले गाइलाई माताको दर्जा दिएको बताए । देशका ९० प्रतिशत हिन्दुहरुको भावनामा चोट पुऱ्याउने गरी वर्तमान सरकारबाट गतिविधी भईरहेको बाबा योगिराजले बताए । कार्यक्रममा विश्व हिन्दु महासंघका केन्द्रीय सदस्य संजयमान श्रेष्ठ, भिमलाल भट्टराई हिन्दुहरुको भावनामा चोट पुऱ्याउने गरी जातीय हिंसा भड्काउने गरी सरकारले सहयोग गरेकोले सरकारका विरुद्ध आन्दोलन केन्द्रित गर्नुपर्नेमा जोड दिए ।-...**बाँकी अन्तिम पेजमा**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## अन्त्य गर प्रतिशोधको राजनीति

नेपालमा दलहरुबिच प्रतिशोधको राजनीतिले देश र जनताले दु:ख मात्र पाएका छन् । अहिलेको अवस्थामा सहमति र सहकार्यका साथ दलहरु अगाडि बढ्नुपर्ने आवश्यकता रहेका बेला दलहरूबीच एक आपसमा प्रतिशोधको राजनीति गर्दा आमनागरिकले दु:ख मात्र पाएका छैन, देश अस्थिरताको भुमरीमा समेत परेको छ । केही दिन अघि नेपाली काँग्रेसका सह–महामन्त्री महेन्द्र यादवमाथि सांघातिक हमला भयो । उनी राप्रपाका कार्यकर्ताको खुकुरी प्रहारबाट घाइते हुनपुगेका छन् । यसले मुलुकको राजनीति प्रतिशोधतर्फ उन्मुख भएको हो की भन्ने आशंक समेत पैदा गरेको छ । नेपाली राजनीति आफैंमा हिंसा र अहिंसाको दोबाटोबाट अघि बढ्दै आएको छ । अहिले सत्ता र प्रतिपक्ष सबैतिर रहेका सबै राजनीतिक पार्टीको पृष्ठभूमि हिंसा र अहिंसाको दोबाटो अख्तियार गर्दै आएको आफैंमा स्पष्ट छ । प्रतिशोधको यो तहको प्रतिस्पर्धाले दलहरूबीचको दूरी फराकिलो हुन पुगेको छ । प्रतिशोधका पात्र (दल) फेरिएका छन् तर, प्रतिशोधको राजनीति कायमै छ ।

संविधानत: मुलुक संघीयतामा प्रवेश गरी अगाडि बढेको छ तर, यही संघीयताले अहिले ठूलो सकस दिएको छ । यसको कार्यान्वयनमा चुनौती देखिदा कतै मुलुक संघीयताबाटै पछि हट्नुपर्ने त होइन भन्ने आवाज पनि सुनिन थालेको छ । तर, त्यो झनै घातकसिद्ध उपाय हो । किनकि, मुलुकले अंगीकार गरेको गणतन्त्र र संघीय स्वरूप नै नयाँ संविधानको मूल मर्म हो । संविधानसभाबाट देशको नयाँ संविधान बनाउनुको मुख्य कारण पनि मुलुकलाई संघीय स्वरूपमा लैजानु थियो । निश्चय पनि अहिले संघीयता लागु गर्न कठिनाइ सिर्जना भएको छ । यसो भन्दैमा संघीयताबाट पछि हट्नु बुद्धिमानी हुँदैन । प्रतिशोधको राजनीतिमा दलहरू लाग्नाले नै संघीयता कठिन बनेको हो । यसकारण पनि सर्वप्रथम दलहरूले एकअर्काप्रति प्रतिशोध राख्न छाड्नुपर्छ । लोकतान्त्रिक पद्धति अनुशरण गर्ने क्रममा राजनीतिक इमानदारिता लुकाएर रिस तुजुकको उन्मादी भीडले कसैलाई पनि फाइदा पुर्‍याउँदैन । जनता रिस, प्रतिशोध र घृणाको राजनीतिबाट उन्मुक्त हुन चाहन्छन् । तसर्थ राजनीतिक दलहरुले प्रतिशोधको भावना हटाई सहमति र सहकार्यको मर्म अनुसार अगाडि बढ्न जरुरी छ ।

## Opinion @ Social Network


एक्लै अगाडि बढ्न सिक्नुहोस् जिन्दगीमा जब दु:ख पर्छ नि तब साथ दिनेहरू भन्दा तमसा हेर्नेको भिड धेरै लाग्ने गर्छन् वरिपरी ।
*(शोभा पुनको फेसबुक स्टाटसबाट www.facebook.com//shova.pun.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अनाक्रामक विदेश नीतिको आधार पृथ्वीविचार



**खगेन्द्रराज सिटौला**

***विश्वमा युद्ध होइन शान्ति चाहिएको छ । कुनै पनि राष्ट्रले अर्को राष्ट्रमा आक्रमण र हस्तक्षेप नगर्ने हो भने युद्ध हुने परिस्थिति बन्दैन र युद्ध पनि हुँदैन । तसर्थ के बुझ्नु पर्दछ भने विश्वमा युद्धको बाटो नै बन्द गरिदिने अभेद्य वैचारिक चट्टान हो पृथ्वीविचार । यसकारण पनि विश्वको शिखर सगरमाथाको देशबाट जन्मिएको युद्ध विरोधी शान्ति पक्षीय विदेश नीतिको शिखर पृथ्वीविचारले सहि नेतृत्व दिन्छ । आन्तरिक रुपमा अन्याय हुन नदिने अन्यायरहित समाजव्यवस्थाको सुनिश्चित गर्ने र वाह्यरुपमा अनाक्रमक विदेश नीति अवलम्वन गर्ने हो भने कुनै खाले पनि युद्ध भड्कन पाउँदैन । सबै खाले आन्तरिक तथा वाह्य अन्याय समाप्त पारेर लाने हो भने वा त्यस्तो परिस्थिति निर्माण गरेर लाने हो भने स्वभाविकरुपमा युद्ध र द्वन्द्व समाप्त भएर जान्छन् । यसबाट पृथ्वीविचारको व्यपकता, सान्दर्भिकता र प्रभावकारिता प्रमाणित भएर जान्छ । विश्वशान्ति र मानावजातिको लागि गम्भीर खतरा भइरहेको आणविक युद्धको संकटलाई पनि टार्न सक्ने वैचारिक अश्त्र भनेको नै पृथ्वीविचार हो ।***

पृथ्वीविचार विश्वमा युद्ध भड्किन नदिने शान्तिको बलियो वैचारिक अश्त्र हो । पृथ्वीविचारले निर्देशन गरेको विदेश नीतिलाई हरेक राष्ट्रले इमान्दारी पूर्वक पालन गर्ने हो भने विश्वमा कहीँ पनि युद्ध भड्किन पाउँदैन । जाइकटक नगर्नु, झिकिकटक गर्नु भन्ने पृथ्वीनारायण शाहले नेपालले छिमेकप्रति लिनु पर्ने निर्देशनात्मक नीति विचार नै विश्वस्तरको अनाक्रामण परराष्ट्र सिद्धान्त हो । यो निर्देशन विचार नेपालले मात्र होइन विश्वका हरेक राष्ट्रले तय र पालन गर्नुपर्ने विदेश नीति हो । र यो हरेका राष्ट्रहरुको सहसम्बन्धको मेरुदण्ड पनि हो । यो नीति मात्र हरेक राष्ट्रले पालन गर्ने हो भने संयुक्त राष्ट्रसंघलगायत कुनै पनि अन्तर्राष्ट्रिय संघ संस्थाहरुले युद्ध सम्बन्धी कुनै पनि प्रस्ताव पास गर्नुपर्ने अवस्था नै आउँदैन वा नआउन सक्छ । यो अनाक्रामण परराष्ट्र सिद्धान्त हो । अर्थात् यो युद्ध विरोधी अनाक्रामण परराष्ट्र सिद्धान्त हो । र यो आत्मरक्षाको वैधानिक अन्तर्राष्ट्रियस्तरको सिद्धान्त पनि हो । यो आक्रमण गर्न निषेध र आक्रमणकारीलाई धपाउन पाउने वैधानिक हक अधिकारलाई सुनिश्चित गरिएको संसारका सबै राष्ट्रहरुको लागि नेपालका पदका श्री ५ बडामहाराजाधिराज क्षमताका बडानेता राष्ट्रनिर्माता पृथ्वीनारायण शाहाको विश्वस्तरको विदेश सिद्धान्तको वैचारिक उपहार हो । र यो नेपालको कहिल्यै असान्दार्भिक नहुने बौद्धिक सम्पति पनि हो ।

पृथ्वीविचारको जाइकटक नगर्नुको अर्थ महत्व बुझेर नै पञ्चशीलको सिद्धान्त पारित गर्ने इन्डोनेशियाको वाङ्डुङ सम्मेलनले अनाक्रण र अहस्तक्षेपका दुई महत्वपूर्ण बुँदा राखेको थियो पञ्चशीलको सिद्धान्तमा । पञ्चशीलका दुई महत्वपूर्ण बुँदा अनाक्रमण र अहस्तक्षेप हाम्रा पृथ्वीविचार हुन् । त्यसैले जहिले पनि पञ्चशीलको सिद्धान्तमा हाम्रो पृथ्वीविचारको झण्डा फहराइरहेको छ । धेरै देशले पारस्परिक दौत्य सम्बन्ध कायम गर्दा पञ्चशीलका प्रमुख दुई बुँदा अनाक्रमण र अहस्तक्षेप राखेका हुन्छन् । जाइकटक नगर्नु झिकिकटक गर्नु भनेका यिनै हुन् । यसरी पृथ्वीविचार अन्तर्राष्ट्रिय सम्मेलनबाट अघोषितरुपमा अनुमोदित भएर अन्तर्राष्ट्रिय विचार भएको छ । यसले पनि पुष्टि हुन्छ कि पृथ्वीविचार अन्तर्राष्ट्रियस्तरको विचार हो । पृथ्वीविचारलाई कुनै भौगालिक तथा राजनीति सीमाले बाँध्न सक्दैन । युगीन सीमाले पनि छेक्न सक्दैन । यो विश्वव्यापी सान्दर्भिक हुने हरेक आजको निरन्तर ताजा विचार हो ।

संयुक्त राष्ट्रसंघले सदस्य राष्ट्र नेपालमा जन्मिएको युद्ध हुन नदिने अर्थात जाइकटक नगर्नु भन्ने पृथ्वीविचारलाई संयुक्त राष्ट्रसंघको विदेशनीति सम्बन्धिको आधिकारिक विचार बनाउन यसको बडापत्रमा सामेल गर्नु पर्दछ । विश्वमा युद्ध होइन शान्ति चाहिएको छ । कुनै पनि राष्ट्रले अर्को राष्ट्रमा आक्रमण र हस्तक्षेप नगर्ने हो भने युद्ध हुने परिस्थिति बन्दैन र युद्ध पनि हुँदैन । तसर्थ के बुझ्नु पर्दछ भने विश्वमा युद्धको बाटो नै बन्द गरिदिने अभेद्य वैचारिक चट्टान हो पृथ्वीविचार । यसकारण पनि विश्वको शिखर सगरमाथाको देशबाट जन्मिएको युद्ध विरोधी शान्ति पक्षीय विदेश नीतिको शिखर पृथ्वीविचारले सहि नेतृत्व दिन्छ । आन्तरिक रुपमा अन्याय हुन नदिने अन्यायरहित समाजव्यवस्थाको सुनिश्चित गर्ने र वाह्यरुपमा अनाक्रमक विदेश नीति अवलम्वन गर्ने हो भने कुनै खाले पनि युद्ध भड्कन पाउँदैन । सबै खाले आन्तरिक तथा वाह्य अन्याय समाप्त पारेर लाने हो भने वा त्यस्तो परिस्थिति निर्माण गरेर लाने हो भने स्वभाविकरुपमा युद्ध र द्वन्द्व समाप्त भएर जान्छन् । यसबाट पृथ्वीविचारको व्यपकता, सान्दर्भिकता र प्रभावकारिता प्रमाणित भएर जान्छ । विश्वशान्ति र मानावजातिको लागि गम्भीर खतरा भइरहेको आणविक युद्धको संकटलाई पनि टार्न सक्ने वैचारिक अश्त्र भनेको नै पृथ्वीविचार हो । जाइकटक नगर्नु भन्ने नेपालले विश्वलाई दिएको वैचारिक अश्त्रको मर्म र अर्थ आणविक अश्त्रसम्पन्न मुलुकहरुले बुझेर यसको सही किसिमले परिपालन गरेमा आणविक आक्रमण याने जाइकटक रोकिन सक्छ ।

पृथ्वीविचारले अघि सारेको जाइकटक नगर्ने खासगरी आणविक अस्त्रसम्पन्न मुलुकहरुले अरुलाई जाइकटक नगर्ने नीति कडाइका साथ पालन गरेपछि नै विश्व आणविक युद्धबाट मुक्त हुनसक्छ । आणविक युद्धलाई टार्ने बलियो वैचारिक आधार पृथ्वीविचार हो । संयुक्त राष्ट्रसंघले सदस्य राष्ट्र नेपालमा जन्मिएको युद्ध हुन नदिने अर्थात जाइकटक नगर्नु भन्ने पृथ्वीविचारलाई संयुक्त राष्ट्रसंघको विदेशनीति सम्बन्धिको आधिकारिक विचार बनाउन यसको बडापत्रमा सामेल गर्नु पर्दछ । विश्वमा युद्ध होइन शान्ति चाहिएको छ । शान्तिलाई सुनिश्चित गर्ने शान्तिको पक्षपाति विदेश नीतिको पृथ्वीविचार र शान्तिका नायक गौतम बुद्धसमेत जन्मिएको नेपालले अघि सारेको विचार संयुक्त राष्ट्रसंघले आफ्नो विचार बनाएर बढ्नु सबै किसिमले उचित र सान्दर्भिक हुन्छ । संयुक्त राष्ट्रसंघमा सदस्य रहेका अधिकांश राष्ट्रहरु नजन्मिएका, अस्तित्वमा नआएका वा राजनीति रुपमा स्वतन्त्र नभएकै अवस्थामा जन्मिएको नेपाल आफैंमा थोरै संख्यामा रहेका जेठा राज्य समूहमा पर्दछ । जेठो सदस्य राष्ट्र मध्येका जेठा नेताले अघि सारेको विदेश नीति सम्बन्धीको विचार समय र प्रभावकारीताको हिसावले पनि जेठो नै छ । तसर्थ युद्ध रोक्न सक्ने पृथ्वीविचारको जेष्ठता र श्रेष्ठतालाई बुझ्दै जाइकटक नगर्ने अनाक्रमण नीतिलाई विश्वनीति बनाउन संयुक्त राष्ट्रसंघले उदासिनता देखाउनु हुँदैन ।

नेपालका सबै पक्षहरु एकजुट भएर राष्ट्रिय सहमति बनाएर नेपालको पृथ्वीविचारलाई संयुक्त राष्ट्रसंघमार्फत विश्वविचार बनाउन आक्रमक भएर लाग्नु पर्दछ । यसले नेपालको गौरवलाई थप उचाइमा लैजान्छ । नेपाली सौर्यको विश्वव्यापी पहिचान स्थापित भएको प्रतिनिधि नाम गोर्खा वा गोर्खालीको शान र सार त पृथ्वीनारायण शाह नै त हुन् । यो बल याने सौर्य क्षेत्र हो जसले प्रसिद्धि कमाएको छ । अब उनको बौद्धिक क्षेत्रलाई यसरी नै प्रसिद्धिको शिखरमा लैजानै पर्छ राष्ट्रिय गौरवको लागि पनि । पृथ्वीविचारले सबै खाले आक्रमण र हस्तक्षेपको विरोध गर्दछ । पृथ्वीविचारले बन्दुकको आक्रमणको मात्रै विरोध गर्दैन ।

धार्मिक, सांस्कृतिक, राजनीतिक, आर्थिकलगायत विविध क्षेत्रमा प्रतक्ष अप्रत्यक्ष हुने वाह्य आक्रमण र हस्तक्षेप सबै पृथ्वीविचारका जाइकटक हुन् आक्रमण नै हुन् । अहिले व्याह्य आक्रमणका स्वरुप र शैली फेरिएको छ । मह भनेर बिष भएर आक्रमण र हस्तक्षेप बढाएका छन् । मुखमा राम राम बगलीमा छुरा भएर छिरेका छन् र थाहा नै नपाई त्यो मुलुकाको मूल्य, मान्यता, एकता परम्परा धर्म संस्कृति चिरा चिरा पारेका छन् । विकासको नाममा गैह्रसरकारी संस्थामार्फत महमा मन्द बिष घोलेर पठाएका छन् । जात, नाक, धर्म, क्षेत्र, भाषा, पहुँच, लिंग, संविधान, नागरिकता, सत्ता आदि जे भन्दा द्वन्द्व बढाउन सकिन्छ लगानी त्यो क्षेत्रमा केन्द्रित गरेका छन् । नेपाल अहिले अनेक क्षेत्रमा जाइकटकको शिकार भएको छ । तर यो बाह्य विकारलाई झिकिकटक गर्ने पृथ्वीनारायणका विरासत कोही देखा परेका छैनन् । बरु जाइकटकलाई निम्तो दिन र रातो कार्पेट आछ्याएर स्वागत गर्न तँछाडमछाडमा देखिन्छन् । पृथ्वीनारायणले बन्दुक र बाइबल मार्फत भएका दुबै जाइकटकलाई झिकिकटक गरेर मुलुकको स्वाधीनता र मौलिकता बचाएकोबाट कसैले पनि पाठ सिकेको पाइएन ।

जाइकटक नगर्नु झिकिकटक गर्नु हमला हस्तक्षेप नगर्ने र हमला हस्तक्षेप नसहने हमलाकारीलाई धपाउने पृथ्वीविचारको शान्ति र स्वधीनताको पाटो र बाटो भएकोले यो न्यायपूर्ण विश्व व्यवस्थाको मूलबाटो हो । यो नेपालको मूलबाटो थियो र हो । मूलबाटो छोडेर भूलबाटो हिड्ने महाभूल नेपाली राजनीतिले गरेकोले नै नेपाल विगत केहि दशक देखि वाह्य हस्तक्षेपको शिकार भइरहेको छ चौतर्फी क्षेत्रमा । यस्तो देखिने नदेखिने हस्तक्षेपले नेपाललाई बलियो बनाउँदैन । यसले त नेपाललाई टट्टाउँछ फुटाउँछ र कमजोर बनाउँदै नेपाललाई अस्तित्वविहीन बनाउन सक्छ । नेपाललाई त्यसो हुनबाट जोगाउने भनेको नै पृथ्वीविचारको झिकिकटकको पाटोलाई सकृय गराउने नै हो । जसले सबैखाले आक्रमण र हस्तक्षेपलाई निषेध गर्न सकोस धपाउन सकोस् । जाइकटकलाई निष्कृय गराउने र झिकिकटकलाई सकृय गराउने हो । यसले मात्रै नेपाल जोगाउन र जगाउन सक्छ भन्ने सबैलाई चेतना भया ।

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष**: सानो प्रयत्नले महत्वपूर्ण काम बन्न सक्छ । मानसम्मान बढ्नेछ । | **तुला** : अस्वस्थता र चोटपटक पनि सम्भावना छ । विशेष कामलाई समय पर्खनु राम्रो हुनेछ । |
| **वृष** :पढाइलेखाइमा मन जानेछ । व्यवसायमा पनि राम्रै लाभ हुने छ । | **वृश्चिक** : व्यावहारिक समस्या आउन सक्छन्, सचेत रहनु नै राम्रो होला । |
| **मिथुन**: खर्च बढ्ने र काम रोकिने योग छ । यात्रामा कष्ट, शारीरिक थकाइ पनि बढ्नेछ । | **धनु** :कामका चुनौतीहरू पनि हट्ने छन् । आतिथ्यपूर्ण सम्मान पाइनेछ । |
| **कर्कट** : टाढाको यात्रा सम्भावना छ । पुराना साथीभाइसँग भेटघाट होला । | **मकर** :काममा थप प्रगति हुने योग छ । स्वास्थ्य पनि सबल बन्नेछ । |
| **सिंह** :आम्दानी पनि प्रशस्तै हुनेछ । विभिन्न अवसरले पछ्याउने छन् । | **कुम्भ** : रोकिएका काम बन्नेछन्। पढाइ लेखाइमा प्रगतिको योग छ। |
| **कन्या** :धर्मकर्म र परोपकारमा धन र समय खर्च गरिनेछ । आँटिका काम सजिलै पूरा हुनेछन् । | **मीन** : व्यवसायमा फाइदा होला । प्रतिस्पर्धीहरूले हार खानेछन् । |

शिक्षा

# मासिक तीनदेखि आठ हजार कमाउँछन् विद्यार्थी

चितवनको इच्छाकामना गाउँपालिका घर भई माडीमा रहेको जनकल्याण माविमा कक्षा १० मा अध्ययन गर्दै गरेका इन्द्रबहादुर चेपाङ अहिले विद्यालयमा व्यस्त रहने गरेका छन् । माडी नगरपालिका-६ कल्याणपुरमा रहेको यस विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम लागू भएसँगै यहाँ अध्ययन गर्ने विद्यार्थी घरमाबाहेक विद्यालयमा समेत कृषि कार्यमा व्यस्त रहन थालेका छन् । चेपाङ विसं २०७२ को भूकम्पपछि माडी नगरपालिकामा आएर बुबाआमासँग बसोबास गर्दै आएका छन् । अध्ययनका लागि असहज बन्दै गएको त्यो दिन सम्झँदै चेपाङ भन्छन्, "पहिले घरबाट खर्चको जोहो मिलाउन कठिन थियो । अहिले त विद्यालयको कार्यक्रममा सहभागी भएर आफैँ कमाउने र पढ्ने गरेको छु ।"



विकास केन्द्रले सञ्चालन गरेको यस कार्यक्रममा सहभागी भएसँगै कापी कलम किन्ने, खाजा खर्चदेखि अन्य व्यक्तिगत खर्चका लागि परिवारसँग हारगुहार गर्नु नपरेको उनको भनाइ छ । उनले भने, "पढाइसँगै कामअनुसार मासिक रु तीन हजार हाराहारी कमाउने गरेको छु ।" अब केही समयपछि आफू कृषि कर्ममा लागेर कमाउनसक्ने उनले बताए । एसइई परीक्षा उत्तीर्ण गरेपछि अध्ययनको बाटोलाई पूर्णबिराम लगाएका स्थानीय राजेश महतो अहिले यस कार्यक्रममा जोडिएसँगै अध्ययनलाई निरन्तरता दिन थालेका छन् । उनी अहिले कक्षा ११ मा अध्ययनरत छन् । विद्यालयमा नै बसेर यस कार्यक्रम सहभागी हुँदै आएका उनी अहिले महिनाको रु आठ हजार कमाउने गरेको बताउछन् । उनले भने, "पढ्न पाइँदैन कि भन्ने थियो । अब कक्षा १२ सम्म अध्ययनका लागि सहज भएको छ ।" आफूले कमाएर घरपरिवारलाई समेत दिने गरेको उनले बताए । उनले थपे, "यहाँ गरेको दु:ख भविष्यका लागि सहज बन्नेछ भन्नेमा विश्वस्त छु ।" समूहमा रहेका साथीहरूले विद्यालय समयमा मात्रै काम गर्ने भएकाले त्यो कामको रेखदेख गर्न उनी विद्यालयमा नै बस्ने गरेका छन् । विद्यालयले यी समूहमा रहेका विद्यार्थीबाट १२ कठ्ठा जग्गामा धान रोपाइँ गरेको छ । तरकारीखेती समेत गर्दै आएको छ । यस्तै ३० जना विद्यार्थीले बाख्राको पाठा घरमा लगेर पालेका छन् भने चार सय वटा हाँस बिक्रीका लागि तयारी अवस्थामा रहेका छन् । सोही कार्यक्रममा सहभागी कक्षा ११ की सञ्जीता लामिछाने घरमा खासै काम गर्ने बानी नपरे पनि विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम लागू भएपछि घरमा समेत काम गर्ने बानी परेको बताउँछिन् ।

अध्ययनका लागि परिवारसँग पैसा माग्दा हुने समस्या अहिले नरहेको उनको भनाइ छ । उनी अहिले विद्यालयमा साथीहरूसँग काम गर्दा छुट्टै महशुस हुने गरेको सुनाउँछिन् । अहिले पढाइका लागि परिवारसँग खर्च माग्नु नपरेको भन्दै उनले भने, "अब कृषि कर्म गरेर खान सक्छु भन्ने आँट यस कार्यक्रमले दिएको छ ।" आर्थिक वर्ष २०७८-८९ सालदेखि शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट छनोटमा परी पढ्दै कमाउँदै कार्यक्रममा लागू भएसँगै यस विद्यालयमा अध्ययन गर्ने न्यून आय भएका विद्यार्थीलाई अध्ययनका लागि टेवा पुगेको छ । विद्यालयले तीन वटा समूह बनाएर यस कार्यक्रममा विद्यार्थीलाई सहभागी गराउँदै आएको छ । तीन वटा समूहमार्फत एक सय ३० जना विद्यार्थीलाई परिचालन गरी कार्यक्रम सञ्चालन गरिएको छ । कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने विद्यार्थीलाई लक्षित गरी विद्यालयले बाख्रापालन, हाँसपालन, फलफूल, तरकारीखेती तथा खाद्यान्नबालीका लागि समूह विभाजन गरी काम गरिएको कार्यक्रमकी सम्पर्क व्यक्ति एवं विद्यालयकी शिक्षिका टीका खत्रीले जानकारी दिइन् । अहिले यस कार्यक्रममा सहभागी विद्यार्थीले कामका हिसाबले मासिक रु तीन हजारदेखि ८ हजारसम्म कमाउने गरेको उनले बताइन् । विद्यालयमा कृषि विषय अध्ययन हुँदै आएको हुँदा यहाँका विद्यार्थीलाई कृषितर्फ नै केन्द्रित गराइएको उनको भनाइ छ । उनले भनिन्, "विद्यार्थीलाई श्रमप्रति माया जगाउनका लागि यो कार्यक्रम प्रभावकारी बनेको छ ।" विद्यालयका प्रधानाध्यापक रामबहादुर जिसीले विपन्न वर्गका विद्यार्थीलाई अध्ययनका लागि यो कार्यक्रम प्रभावकारी भएको बताइन् । उनका अनुसार विद्यालयले उत्पादित सामग्री बिक्री वितरण गरिदिने गरेको छ । तरकारी र खाद्यान्नजस्ता वस्तु स्थानीय बजारमा समेत बिक्री भइरहेको उनको भनाइ छ । उनले भने, "यस कार्यक्रममा जोडिएका विद्यार्थी पढाइमा समेत लगनशील बन्न थालेका छन् ।" जिल्लामा हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट छनोटमा परी तीन वटा विद्यालयले पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्दै आएका छन् । यस कार्यक्रमका लागि गत दुई आवमा केन्द्रले विद्यालयलाई प्रतिवर्ष रु १०-१० लाखका दरले सहयोग गरेको थियो । *-रासस*

# ओकिनावा शिक्षा विभाग र एलआरआईबीच सहमति

ओकिनावा शिक्षा विभाग जापान र नेपालको एल.आर.आई. विद्यालयबीच विद्यार्थी शैक्षिक आदानप्रदान गर्ने सहमति भएको छ । जापानको प्रिफेक्चुरल एजुकेशन बोर्ड, ओकिनावा तथा ओकिनावा प्रिफेक्चुरल चान्टन सिनियर हाई स्कुल जापान, ओकिनावा शिक्षा विभागको निमन्त्रणामा जापान भ्रमणमा गएको एलआरआई विद्यालयका पदाधिकारीसँगको भेटमा उक्त सहमति भएको हो ।



जापानको ओकिनावा शिक्षा विभागले एल.आर.आई. विद्यालयको सहकार्यमा नेपालका ग्रामीण क्षेत्रका विद्यालय र विद्यार्थी लक्षित शैक्षिक गतिविधिमा सहयोग गर्न इच्छुक रहेको बताएको छ । भेटका क्रममा विद्यालयका प्रिन्सिपल डा. देवकान्त जोशीले नेपालको शिक्षा नीति र शैक्षिक क्षेत्रको बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए । भेटमा जापानको प्रतिनिधि मण्डलले नेपाल भ्रमण गरी एल.आर.आई. विद्यालयसँग विद्यार्थी आदानप्रदान गर्ने सम्बन्धी सम्झौता गरिने प्रतिबद्धता जनाइएको छ । एल.आर.आई. विद्यालयले यस अघि नै विश्वको १८ देशका विद्यालयबीच शैक्षिक आदानप्रदान कार्यक्रममा आपसी सम्झौता गरिसकेको छ । यस्तो कार्यले आफ्ना विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई ग्लोबल सिटिजनको को अवधारणामा उत्प्रेरित गर्ने विश्वास लिएको विद्यालयका प्रमुख प्रशासकीय अधिकृत दीपक जोशीले बताए । भ्रमणका क्रममा प्रतिनिधि मण्डलले ओकीनावका चान्टन सिनियर हाईस्कुल जापान र ओकीनावा शिक्षा विभागले स्थापना गरेको विशाल पुस्तकालयको अवलोकन गरेको छ । यो पुस्तकालयमा विभिन्न देशको पुस्तकलाई राखिएको छ । एल.आर.आई विद्यालयले नेपाल सम्बन्धी पुस्तक उपलब्ध गराएमा पुस्तकालयमा नेपाल बुक कर्नर राख्ने सहमति भएको छ । यसले देशकै प्रतिष्ठा बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसैगरी भ्रमणका क्रममा जापानको अन्य विद्यालयहरूको पनि अध्ययन भ्रमण गरिएको थियो । जापानको शैक्षिक भ्रमण टोलीको नेतृत्व विद्यालयका गुठीयार यशोधरा पन्तले गरेका हुन् ।

*-रातोपाटी डटकम*

# के पढ्ने, कसरी पढाउने ?

**गोविन्द लुइँटेल :**

ऊ स्कुल छँदा उसकी आमा भन्थिन् - काक चेष्टा बको ध्यानं स्वान निद्रा तथैव च, अल्पहारी गृहत्यागी विद्यार्थी पञ्च लक्षणम् !

विद्यार्थीका सन्दर्भमा यो श्लोक परापूर्वदेखि प्रचलित रहेछ । कुरा के भने विद्यार्थीमा पाँचवटा लक्षण हुनुपर्ने रहेछ - कागको जस्तो चेतना अर्थात् चलाखी, बकुल्लाको जस्तो ध्यान, कुकुरको जस्तो निद्रा, थोरै खाना र परिवारबाट पृथकता । काग अत्यन्तै चलाख मानिन्छ । बकुलो सिकार प्राप्त गर्न ध्यानमग्न भएर ढुक्छ, कुकुरको निद्रा पातलो हुन्छ । अलिक कम खाना खाँदा शरीरमा आलस्य हुँदैन, घरपरिवारबाट अलग रहँदा पढाइमा अल्झो आइलाग्दैन । वर्तमानमा गृहत्याग गर्ने अर्थात् घरपरिवारबाट अलग रहने कुरामा अनेक तर्क हुन सक्छन् । गुरूकुल परम्परामा गृहत्याग नगरी पढाइ लगभग असम्भव थियो । शिक्षालयहरू थोरै थिए । सबै किसिमको शिक्षाका लागि एक जना गुरू अर्थात् शिक्षक हुन्थे । तिनको आश्रम हुन्थ्यो । आश्रममा शिष्य अर्थात् विद्यार्थीहरू जम्मा हुन्थे । निर्धारित शिक्षा पूरा गरेपछि दीक्षित भएर घर फर्किन्थे । तिनै गुरूले दीक्षा दिन्थे । आजको दीक्षान्त समारोह त्यसैको निरन्तरता हो । शिष्यहरू सात वर्ष उमेर पूरा भएपछि आएका हुन्थे । केही वर्ष गुरूको आश्रममा बसेर पढ्थे र समयानुकूल ज्ञान अर्थात् शिक्षा प्राप्त गरेर घर फर्किन्थे । यसरी त्यो समय बाल्यकालमै गृहत्याग सान्दर्भिक थियो । अहिले पनि उच्च शिक्षा हासिल गर्न घरबाट टाढा जाने, विदेशसम्म पुग्ने चलन छँदैछ ।

उसकी आमा अर्को एउटा कथा पनि हाल्थिन् - गुरूले घोकेर आउनू भनेको कुरा राति अबेरसम्म बसेर पढ्दा विद्यार्थीलाई निद्रा आउँथ्यो । कण्ठस्थ नपार्दा गुरूको सजायमा पर्ने डर हुन्थ्यो । निद्रा भगाउन विद्यार्थीहरू आफ्नो टुप्पी धागोले बाँधेर त्यो धागो टाउकाको सिधा माथि दलिनतिर अड्काउँथे । यसो गरेपछि निद्रा लागेर टाउको झुक्यो भने टुप्पी झड्याक्क गर्थ्यो अनि त केही बेरका लागि निद्रा नभागी धरै थिएन । 'टुप्पी बाँधेर पढ्नु' भन्ने कहावत यही कथाबाट बनेको हुनुपर्छ । आमाले भनेका यी कथाले पढ्ने काम सजिलो होइन भन्ने संकेत गर्थे । साँच्चै, सजिलो हुन्थ्यो भने कक्षाका सबै विद्यार्थी बराबरी क्षमताका हुने थिए । सबै एक-से-एक प्रतिस्पर्धी हुने थिए । विद्यार्थीहरूको सिकाइ स्तर र नतिजा खस्कियो, एसइई (विद्यालय शिक्षा परीक्षा) र एसएलसिई (माध्यमिक शिक्षा परीक्षा) मा ठूलो संख्यामा विद्यार्थी 'नन् ग्रेडेग' भए भन्नुपर्ने थिएन । यहाँ भनिएका विद्यार्थी विद्यालय तहका हुन्, भर्खरै विद्यालय जान थालेकादेखि बाह्र कक्षा सम्मका । विद्यालय तहको विद्यार्थी हुनु भनेको शिक्षकले सिकाएजति सिक्नु र शिक्षकले गर भनेजति गर्नु हो ! सामान्य मान्यता यही हो । भर्खरै विद्यालय जान थालेका बालबालिकासँग योभन्दा बढी अपेक्षा गर्ने कुरा पनि भएन । आधारभूत तह (कक्षा आठ) सम्म यति गर्ने विद्यार्थीहरू उम्दा ठहरिन्छन् । सिकाएजति सबै ठिकठिक सिके भने अनि गर्नू भनेको जति नछुटाई गरे भने पुग्छ । योभन्दा बढी चाहिँ साँच्चैको लगनशीलले मात्रै गर्छ । माध्यमिक तहको विद्यार्थीले पनि यति काम नबिराई पूरा गऱ्यो भने अनुत्तीर्ण हुँदैन भन्ने उसको विश्वास छ । यति मात्रै पर्याप्त चाहिँ हुँदैन । अलिक राम्रो नतिजाका लागि शिक्षकले दिएका उदाहरण हेरेर पाठ्यपुस्तकबाट खोज्ने र बढीभन्दा बढी अभ्यास गर्ने बानी हुनुपर्छ । अलिक बढी लगनशील हुनुपर्छ । एघार-बाह्र कक्षाको विद्यार्थी त खोजमा आधारित बन्नै पर्छ । खोजमा आधारित हुन त्यसैअनुसारको शिक्षा प्रणाली हुनुपर्छ पाठ्यक्रम, शिक्षण-सिकाइ र परीक्षा । यसो भयो भने मात्रै राम्रो नतिजा प्राप्त हुन सक्छ भन्नेमा ऊ विश्वास गर्छ । आफ्नो लामो शिक्षण अनुभवमा उसको यो विश्वास रामकृष्ण ढकालले गाएको गीत '...यो त सब भन्ने कुरा न हो...' जस्तो मात्रै भएको छ । किनभने, राम्रो पढाइका लागि लगनशीलता चाहिन्छ, लक्ष्य चाहिन्छ र लक्ष्यमा पुग्ने दृढता पनि चाहिन्छ । अधिकांश विद्यार्थीमा ऊ यी तीनवटै पक्षको अभाव देख्छ । भर्खर स्कुल जान थालेको बालकसँग लक्ष्य र लक्ष्यमा पुग्ने दृढता खोज्नु न्याय हुन्छ । त्यो बालवयमा लक्ष्य थाहा हुने कुरै भएन । यसो भएपछि लक्ष्यमा पुग्ने दृढताको कुरा आउने नै भएन । लगनशीलताको संकेत चाहिँ बालवयमै मिल्न सक्छ । लेखपढमा कति बेर अडिन सक्छ, गर्न दिएको काम कति बेरमा पूरा गर्छ, आफूले गर्न नसक्ने भए सहयोगका लागि कति अग्रसर रहन्छ, पढ्नु छ भनेर कति सचेत रहन्छह यी पक्षले भविष्यको संकेत गर्छन् । किशोरवयमा चाहना र आवश्यकता फेरिँदै र बढ्दै जान्छन् । विपरीतलिंगी आकर्षण थपिन्छ । पारिवारिक, आर्थिक, सामाजिक इत्यादि वातावरणको प्रभाव पर्छ । धेरैमा घरायसी काम पनि थपिन्छ । यी पक्षले पढाइमा सकारात्मक वा नकारात्मक दुवै प्रभाव पार्न सक्छन् ।

वर्तमानमा अत्याधुनिक सञ्चार प्रविधिले ल्याएका उपकरणले समय लिन र औपचारिक पाठ्यक्रमको पढाइबाहेकमा ध्यान खिच्न थालेका छन् । यिनको सोझो असर औपचारिक शिक्षामा पर्न थालेको छ । कक्षाकोठामा सहपाठीगफ र छलफलका शीर्षकहरू बदलिँदै र थपिँदै गएका छन् । संगतको लय बदलिएको छ । परिणामस्वरूप किशोरवयको विद्यार्थीलाई कक्षामा सिकाएको कुरा तत्कालै सिक्न, शिक्षकले गर भनेको काम निर्धारित समयमा पूरा गर्न र आफूले खोज्न समय अभाव हुन थालेको छ । पढाइको समय खण्डित हुँदै गएको छ । माध्यमिक कक्षाको विद्यार्थीलाई दूरभविष्यको लक्ष्य दिइहाल्नुपर्छ भन्ने ऊ ठान्दैन । वर्षभरिको लक्ष्य निम्ति अभिभावक र शिक्षकले सजग गराउनुपर्छ भन्ने उसको मान्यता छ । सबै विषयको ग्रेड 'ए' हुनुपर्छ, सकेसम्म 'ए प्लस' नै हुनुपर्छ, 'बी' भन्दा कम त हुनै हुँदैन भन्ने लक्ष्यमा ध्यानाकर्षण गराउन सकिन्छ । यस्तो ग्रेड प्राप्त गर्न आवश्यक लगनशीलताका लागि उत्साहित गराइराख्न र दृढता अभिवृद्धिमा प्रेरित गर्न सकिन्छ । यसो गर्नु अभिभावक र शिक्षकको स्वाभाविक कर्म हो भन्ने ऊ ठान्छ । उसको अनुभव छ - विद्यालय तहमा थोरैबाहेक अधिकांश विद्यार्थीका लागि पढ्नु वा पढाइमा राम्रो गर्नु प्राथमिकताको काम होइन । उसले यति पाठ पूरा गरेर मात्रै बाहिर निस्कन्छु वा खेल्न जान्छु, यति गृहकार्य पूरा गरेर मात्रै सुत्छु वा सिनेमा हेर्छु भन्ने सजगता साह्रै थोरैमा मात्रै देखेको छ । ऊ आफू स्कुलको विद्यार्थी छँदा पनि अधिकांशभित्रै पर्थ्यो । कुनै शिक्षक अनुपस्थित हुँदा विद्यार्थीहरू रमाउँछन् । सट्टा शिक्षक आएको राम्रो लाग्दैन, 'झ्याउ' मान्छन् । 'आज शिक्षक बैठक भएकाले पाँचौं घन्टीपछि पठनपाठन हुँदैन' भन्ने सूचना आयो भने उत्सवझैं ठान्छन् । सायद, विद्यार्थी हुनुको प्रकृति नै यस्तै हो ! आफू स्नातक र स्नातकोत्तर तहको विद्यार्थी हुँदा पनि ऊसँग यस्तै मिल्दोजुल्दो अनुभव छ । आज शिक्षक आएनन् त के भयो ! क्यान्टिनमा चिया खाऔं, खाजा खाऔं, चौरमा बसेर गफ हाँकौं ! मन लागे पुस्तकालयतिर पसौंला । स्नातक र स्नातकोत्तर तहका विद्यार्थीमै यस्तो प्रकृति देखापर्छ भने विद्यालय तहको विद्यार्थीसँग कति अपेक्षा गर्ने ! प्रस्ट हुनै पर्छ ! त्यसैले भनेको 'विद्यार्थी पञ्च लक्षणम्' र 'टुप्पी बाँधेर पढनु' त भन्ने कुरा मात्र भएका छन् । पाठ्यक्रममा पाठ पूरा गर्ने र पाठको उद्देश्य हासिल गर्ने समय निर्धारित हुन्छ । पाठ्यक्रमको मान्यता हुन्छ - प्रत्येक विद्यार्थीले पाठ्यक्रमअनुसार सिकाइ उपलब्धि हासिल गर्छ, न्यूनतम उद्देश्य पूरा गरेको हुन्छ । यसैअनुसार माथिल्लो कक्षाको पाठ्यक्रम बनेको हुन्छ । विद्यार्थीको सिकाइ परीक्षण गर्न 'परीक्षा' नामको पद्धति छ । विद्यार्थीले न्यूनतम उद्देश्य हासिल गरेन भने शिक्षक दोषी ठहर्ने भाष्य स्थापित छ । विद्यार्थीले किन सिक्न सकेनह अभिभावकले पो प्रेरित गर्न सकेनन् कि, घरायसी वातावरण पो अनुकूल भएन कि, विद्यालयमा पो अनुकूल वातावरण पाएन कि ! यस्ता अनेकन पक्ष पर्गेल्नुको साटो सोझै शिक्षक दोषी ठहर हुने गरेको छ । सरकारी निकाय, अभिभावक, समाजका अगुवा, शिक्षाविद्, नीतिनिर्माता सबै एकै ड्याङमा खडा भएका देखिन्छन् । भारतीय दार्शनिक ओशोले कुनै प्रवचनमा भनेका छन् - एकपटकमा एउटा काम गर, फगत एउटा काम । उनको आसय हो - खाँदै छौ त खाऊ मात्र, गफ नगरह पढ्दै छौ त पढ मात्र, नजिकमा रेडियो नबजाऊह विद्यार्थी हौ त विद्यार्थी मात्र रहू, सँगै जागिरमा नजाऊह इत्यादि ।

सांसारिक जीवन र दैनिक व्यवहारमा यस्तो कुरा फगत दर्शन मात्रै लाग्न सक्छ । दर्शन र व्यवहार फरक कुरा हुन् भन्ने लाग्न सक्छ । हो पनि, हाम्रा दर्शनले भनेका कुरा व्यवहारमा जस्ताको तस्तै उतार्न सके मानव जीवन चिन्ता र तनावरहित हुने थियो होलाह मानव समाज सुखी-समृद्ध हुने थियो होलाह संसार शान्त रहने थियो होला ! यस्तो छैन । छँदै छैन भन्ने पनि होइन । आधा-आधा होला वा धेर-थोर होला तर पूर्ण कतै पनि छैन । यसरी हेर्दा शिक्षक पनि पूरा शिक्षक हुन सकेको छैन होला, अभिभावक पनि पूरा अभिभावक हुन सकेका छैनन् होला । विद्यालय पूरा विद्यालय हुन सकेको छैन होला । नीतिनिर्माताहरू, पाठ्यक्रम निर्माताहरू र सरकारका नियामक निकायहरू पूर्ण हुन सकेका छैनन् होला । सरकार नै पूर्ण सरकार हुन सकेको छैन होला । तब विद्यालय तहको विद्यार्थी पूर्ण विद्यार्थी हुने कुरै भएन । विद्यार्थी मात्रमा र शिक्षक मात्रमा पूर्णता खोज्नु अपूर्णताको अर्को पाटो हो भन्ने उसलाई लाग्छ । यसरी केही, कोही पूर्ण छैनह कतै पूर्णता छैन भनेर बहानाबाजी गर्न खोजेको त होइन? शिक्षक आफ्नो जिम्मेवारीबाट पन्छिन खोजेको त होइन ? यी प्रश्न उठ्नु स्वाभाविक हुन्छ । यहाँ उसको आसय बहानाबाजी गर्नु होइन । उसको साढे तीन दशक लामो शिक्षण अनुभवको निष्कर्ष प्रस्तुति हो, एउटा लेखोटका रूपमा प्रस्टीकरण हो । ओशोले भनेझैं एकपटकमा एउटा काम, चरणबद्ध काम नै उद्देश्य र लक्ष्य हासिलको उत्तम उपाय हो । अपवादबाहेक कोही पनि स्वत: मेधावी हुँदैन । तीव्र सक्रिय मस्तिष्कको चन्चले किशोरवयको विद्यार्थीलाई पढाइको उद्देश्यमा केन्द्रित गराउनु सजिलो काम होइन । यो असजिलो काम गर्न अभिभावक र शिक्षकको सहकार्य आवश्यक पर्छ भन्ने उसको निष्कर्ष छ तर नगन्य मात्रै हुने काम पनि यही हो । एकै जना गुरूसँग सबथोक पढेर दीक्षित हुने समय पनि रहेन । ध्वाँसो र तितेपातीको मसी बनाएर बाँसका खपटामा बाँसकै कलमले लेखेर पढ्ने वा धुलौटोमा अक्षर सिक्ने समय एकादेशको कथा भइसक्यो । आज अधुनातन प्रविधि हातहातमा पुगेको छ । शिक्षा र ज्ञानको दायरा फराकिलो भएको छ । आवश्यकताहरू बदलिएका छन् । यस सन्दर्भमा कस्तो विद्यार्थी भन्ने प्रश्न गौण होइन । आजको विद्यार्थी शिक्षकबाट धेरै टाढा छैन । शिक्षक र अभिभावकको अपेक्षाबाट मात्र टाढा हो । त्यो दूरी घटाउनु आजको युगको आवश्यकता र माग दुवै हो । कस्तो विद्यार्थी भन्ने प्रश्नसँगै कस्तो अभिभावक, कस्तो शिक्षक, कस्तो विद्यालय, कस्तो पाठ्यक्रम, कस्तो परीक्षा जस्ता प्रश्न पनि ज्वलन्त छन् ।

*-सेतोपाटी डटकम*

# तरुण दलले भन्यो 'खुकुरी प्रहार गर्नेलाई कारवाही गर'



**पाल्पा,** भदौ २४/सत्तारूढ दल नेपाली काँग्रेसका सहमहामन्त्री एवं पूर्वमन्त्री महेन्द्र यादवमाथि केही दिन अघि भएको सांघातिक आक्रमणको विषयलाई लिएर नेपाली काँग्रेसको भ्रातृ संगठन नेपाल तरुण दल पाल्पाले सरकारको ध्यानाकर्षण गराएको छ । उसले आइतबार कारवाहीको माग गर्दै प्रमुख जिल्ला अधिकारीमार्फत गृह मन्त्रालयको ध्यानाकर्षण गराएको हो ।

तरुण दलले प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलालाई ज्ञापन पत्र बुझाउँदै खुकुरी प्रहार गर्नेलाई तत्काल कारवाही गर्न गृहमन्त्री समक्ष माग गरेको छ । उसले भनेको छ 'नेपाल तरुण दलका पूर्व अध्यक्ष, पूर्व मन्त्री, काँग्रेसका सह- महामन्त्री महेन्द्र यादवमाथि भृकुटीमण्डपमा खुकुरी प्रहार गरी घाइते बनाईएको घटनाले तरुण दल पाल्पाको गम्भीर ध्यान आकृष्ट गरेको छ ।

नेपाल सरकारको केन्द्रीय प्रशासन सिंहदरबारको आँगनमा र प्रहरी कार्यालय भृकुटीमण्डपको ढोकामा दिनदहाडै खुलेआम रुपले खुकुरी बोकेर लोकतन्त्रका होनहार योद्धा, लोकतन्त्रवादी नेपाली तरुणहरुका आस्था र विश्वासका केन्द्र माथि भएको उक्त अक्षम्य र जघन्य अपराधको नेपाल तरुण दल पाल्पा घोर निन्दा र भत्सना गर्दछ ।'

लोकतन्त्र विरोधी तत्वहरुबाट आक्रमण हुँदा सरकारी संयन्त्र मुकदर्शक बन्नु दु:खद् भएको तरुण दलका जिल्ला सभापति मजेरसिंह केशीले बताए । उनले जुनसुकै रुप र आवरणबाट आक्रमण भएको भए पनि यसको यथार्थ बाहिर ल्याई अपराधीलाई हदै सम्मको कानुनी कारवाही गर्न सरकार समक्ष माग गरे । नेपाली जनताको हक अधिकारको लागि लडाई लड्ने लोकतन्त्रका पहरेदार नेताहरु माथि दु:ख दिने, फितलो प्रशासन चलाएर शान्ति, सुरक्षा र अमनचयनमा विश्वासनिय वातावरण समाप्त पार्ने र तस्करहरुको संरक्षण गर्ने काम सरकारबाट भएको तरुण दलको आरोप छ ।

सरकार यस्ता विषयमा गम्भीर नबने आफुहरु आन्दोलनमा उत्रिन बाध्य हुने तरुण दलले सरकारलाई चेतावनी दिएको छ । 'जनताको सविधान बमोजिम शान्तिपूर्ण रुपमा बाँच्न पाउने अधिकारको लागि तरुण दल आन्दोलनको आँधीबेहरी सृष्टि गर्न बाध्य हुने छ' सभापति मेजर सिंह केसी र सचिव गोपाल गैरेद्वारा जारी ज्ञापन पत्रमा उल्लेख छ ।

खेलकुद समाचार

## इन्टर मियामीद्वारा स्पोर्टिंग पराजित




**काठमाडौं,** भदौ २४/इन्टर मियामीले स्पोर्टिंग केसीलाई पराजित गरेको छ । आइतबार बिहान सम्पन्न खेलमा इन्टर मियामीले स्पोर्टिंग केसीलाई ३ -२ गोल अन्तरले पराजित गरेको हो ।

मेजर लिग सकरअन्तर्गत भएको खेलमा लिओनार्दो काम्पानाले दुई गोल गरेका थिए भने फाकुन्डो फारीयासले एक गोल गरेका थिए । त्यसैगरी स्पोर्टिंग केसीका लागि डानियल सल्लोई र अलान पुलिडट्टोले एक एक गोल गरेका थिए । लियोनल मेसीको आगमनपछि अपराजित रहेको इन्टर मियामीले यो खेलमा मेसी बिना नै जित हासिल गरेको छ । मेसी हाल अर्जेन्टिनाको राष्ट्रिय टिममा रहेकाले इन्टर मियामीको यस खेलका लागि उपलब्ध थिएनन् । यो जितपछि इन्टर मियामीको २६ खेलमा २८ अंक भएको छ र लिगको इस्टर्न कन्फेरेन्समा १४ औं स्थानमा छ । त्यस्तै स्पोर्टिंग केसी भने वेस्टर्न कन्फेरेन्समा २८ खेलमा ४० अंकसहित ११ औं स्थानमा रहेको छ ।

अर्थ/कर्पोरेट समाचार

## साताको पहिलो दिन नेप्से बढ्यो



**पाल्पा,** भदौ २४/सेयर कारोबार साताको पहिलो दिन आइतबार नेप्से परिसूचक बढेको छ ।१० दशमलव २३ अंकले नेप्से परिसूचक बढेको हो ।

नेप्से बढेसँगै १ हजार ९ सय ४२ दशमलव ६८ विन्दुमा पुगेको छ । सेन्सेटिभ इण्डेक्स २ दशमलव ३२ अंकले बढेर ३ सय ७३ दशमलव ९० विन्दुमा अडिएको छ । यसदिन २ सय ७६ कम्पनीको ४३ लाख १४ हजार ४ सय १७ कित्ता सेयर १ अर्ब ७ करोड २२ लाख १२ हजार ४ सय १८ रुपैयाँमा खरिदबिक्री भयो । १० अंकले उकालो लागेको बजारमा चार कम्पनीको मूल्य सकारात्मक सर्किट लेभलमा कारोबार भयो । सूर्योदय वमी लघुवित्त वित्तीय, शुभम पावर, नगदी हाइड्रोपावर र मेन्छियाम हाइड्रोपावरको सेयर मूल्य सकारात्मक सर्किट लेभलमा कारोबार भएको हो । कारोबार रकमका आधारमा हिमाल दोलखा हाइड्रोपावर शीर्षस्थानमा रह्यो । सो कम्पनीको ८ करोड ५६ लाख मूल्य बराबरको कारोबार भयो । माछापुच्छ्रे बैंक र शिवम् सिमेन्टको ४ करोड मूल्य बराबरको सेयर कारोबार भयो ।

कारोबारमा आएका १३ उपसमूहमध्ये १२ को मूल्य बढ्यो भने एकको मात्रै घटयो । हाइड्रोपावर उपसमूहबाहेक अन्य उपसमूहको सूचक सकारात्मक देखिएको छ । सो अवधिमा १ सय ५२ कम्पनीको मूल्य बढ्दा ६६ कम्पनीको घट्यो भने ९ को मूल्य स्थिर रह्यो ।

## गौं हत्याको...

धार्मिक कोणसभामा राधा माधव समिती पाल्पाका अध्यक्ष डम्वर गैरे, स्कोन पाल्पाका सुन्दर प्रभु, विश्व हिन्दु महासंघकी सदस्य मालती पौडेलले गौ हत्यामा सहभागीहरुलाई तत्काल कानुनी कारवाही गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा खड्ग बहादुर कुवँरले गौ हत्याका विषयमा भजन प्रस्तुत गरेका थिए । धार्मिक र्‍याली तानसेन टुँडिखेलबाट शुरु भई भिमसेन टोल, नारायणस्थान, अशनटोल, शितलपाटी, भगवतीटोल, टक्सार, सिल्खान, हुलाक चोकमा आई कोणसभामा परिणत भएको थियो । शान्तिपूर्ण सद्भाव र्‍यालीमा सहभागीहरुले गैं वंश हत्याको भर्त्सना गरौं, हिन्दु राष्ट्र नेपाल कायम गरौं, संवैधानिक कानुनको पालना गर, सामाजिक सद्भाव कायम गरौं लगायतका नारा लगाएका थिए । विश्वहिन्दु महासंघ पाल्पाका अध्यक्ष कमल पौडेलको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन ब्राहमण समाज पाल्पाका सचिव पुरुषोत्तम अर्यालले गरेका थिए ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८० श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई